आज मिति २०८०/११/१५ गते मङ्गलवारका दिन सुनिलसम्मृति गाउँपालिका विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दफा ६ को उपदफा (१) बमोजिमको कोष सञ्चालन समितिका संयोजक तथा गाउँपालिका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितीमा देहाय बमोजिमको निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| श्री मणिराम वुढाथोकी | संयोजक |
| श्री मिना थापा | सदस्य |
| श्री मोतिम आलम | सदस्य (नि.प्र.प्र.अ.) |
| श्री तुल्सि सुनार | सदस्य |
| श्री पदम प्रसाद रिजाल | सदस्य- सचिव |

सहयोगि कर्मचारी

| | |
|---|---|
| श्री अर्जुन श्रेष्ठ | ईन्जिनियर |
| श्री मधुसुदन गैरे | लेखा अधिकृत |
| श्री दुर्योधन महरा | शाखा प्रमुख, पर्यटन, वन वातावरण तथा विपद व्यवस्थापन उपशाखा |

प्रस्ताव तथा निर्णयहरु :-

आज वसेको विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दफा ६ को उपदफा (१) बमोजिमको कोष सञ्चालन समितिको वैठकबाट तपसिल वमोजिमको निर्णय गरियो ।

तपसिल

१) यस गाउँपालिका अन्तर्गत देहाय बमोजमका व्यक्तिहरुको विभिन्न कारणले घर नोक्सानी भई क्षति भएको प्रहरी मुचुल्का, वडाको सिफारिस सहित निवेदन प्राप्त भएको हुदाँ विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दफा ८ (ख) बमोजिम प्रति परिवार राहत रकम उपलब्ध गराउने गराउने ।

देहाय :-

| क्र.सं. | निवेदकको नाम, थर | ठेगाना | विपदको कारण | रकम |
|---|---|---|---|---|
| १ | टेममला थापा | सुनिलस्मृति गापा-३, मिझिङ | आगोलागि भई पूर्ण क्षति भएको | १०००० |
| २ | साङ्ले थापा | सुनिलस्मृति गापा-६, गजुल | भूकम्पले क्षति गरेको | १०००० |
| ३ | चुरे सुनार | सुनिलस्मृति गापा-५, क्वालिगाउँ | वर्षातका कारण क्षति भएको | १०००० |
| ४ | विर बहादुर घर्ती | सुनिलस्मृति गापा-५, क्वालिगाउँ | वर्षातका कारण क्षति भएको | १०००० |
| ५ | देउमन कामी | सुनिलस्मृति गापा-५, क्वालिगाउँ | वर्षातका कारण क्षति भएको | १०००० |
| ६ | वुद्धिराम सुनार | सुनिलस्मृति गापा-५, क्वालिगाउँ | वर्षातका कारण क्षति भएको | १०००० |

२) वातावरण तथा विपद व्यवस्थापन समितिमा प्राप्त भएका तपसिल बमोजिमका सिफारिसहरुको भौतिक पूर्वाधारहरु विभिन्न कारणले क्षति हुन पुगेको हुदाँ उक्त पूर्वाधारहरुको पुन: निर्माणका लागि सम्बन्धित निकायहरुमा सिफारिस गर्ने निर्णय गरियो ।

देहाय :-

| क्र.सं. | सिफारिस संस्थाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | श्री सूर्योदय आधारभूत विद्यालय | सुनिलस्मृति गाउँपालिका-५, क्वालिगाउँ | |
| २ | श्री प्राथमिक स्वास्थ्य केन्द्र सुलिचौर | सुनिलस्मृति गाउँपालिका-४, सुलिचौर | |
| ३ | देसरी महरा | सुनिलस्मृति गाउँपालिका-७, तेबाङ | सम्बन्धित निर्माण व्यवसायीलाई तत्काल घर निर्माणका लागि पत्रचार गर्ने । |

३) गाउँपालिका क्षेत्र भित्रका विद्यालय तथा बजार क्षेत्रहरुमा सवारी साधनहरुको तिव्र गतिका कारण विभिन्न समयहरुमा दुर्घटना भई धनजनको क्षति भएको हुदाँ तपसिल वमोजिमको स्थानहरुमा पूर्वाधार विकास शाखा, नगर प्रहरी ईकाइ र अस्थायी ट्राफिक कार्यालय सुलिचौरको रोहवरमा देहाय वमोजिमको कार्यहरु गर्ने उक्त क्रियाकलापको भुक्तानी विपद व्यवस्थापन कोष खर्च शिर्षकबाट गर्ने ।

| क्र.सं. | स्थानको नाम | क्रियाकलाप | कैफियत |
|---|---|---|---|
| १ | श्री त्रिपुरेश्वरी मावि खुंग्री | जेव्रा क्रसिङ | |
| २ | श्री चन्द्र प्रभा मावि मिझिङ | जेव्रा क्रसिङ | |
| ३ | गाउँपालिका कार्यालय र ईलाका प्रहरी कार्यालय सुलिचौरको अगाडि | ब्रेकर | |
| ४ | सुलिचौर बजार वैंक क्षेत्र वरीपरि | ब्रेकर | |
| ५ | सुलिचौर जिवन अनमोल देखि तरकारी पसल क्षेत्र वरीपरि | ब्रेकर | |
| ६ | रुइनिबाङ काभ्रा जाने वाटो क्षेत्र वरिपरि | ब्रेकर | |

४) मिति २०८०/१०/०९ गते मङ्गलवार बसेको विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन समितिको निर्णय वमोजिम सुनिलस्मृति गाउँपालिका वडा नं.१ का कालुराम सार्की र रेग बहादुर नेपाली वैदेशिक रोजगारमा गएको हुदाँ निजका एकाघरका परिवारहरुलाई वडाको सिफारिसका आधारमा भुक्तानी गर्ने ।